**TITLE (शिर्षक): ITS_R004– व्यवसायको लागि मूल्य अभिवृद्धि कर सहित स्था. ले. न. नयाँ दर्ता *(NEW* REGISTRATION OF PAN WITH VAT FOR ENTITY)**

**Purpose (प्रयोजन):** निकायको लागि मूल्य अभिवृद्धि कर सहित स्था. ले. न. नयाँ दर्ता प्रक्रियाको बिधि र जिम्मेवारी परिभाषित गर्नु |

**Responsibilities (जिम्मेवारी):**

निकायले मुल्य अभिबृद्धी कर सहितको स्था. ले. न. मा नयाँ दर्ताको लागि आन्तरिक राजस्व विभागले तोकेको नियमानुसार चाहिने सम्पूर्ण विवरणहरु उपलब्ध गराउने दायित्व स्वयम् करदाताको हुनेछ । करदाताहरुले विद्युतीय माध्यमबाट वा आन्तरिक राजस्व विभागले जारी गरेको फारम भरी आफ्नो विवरणहरु आन्तरिक राजस्व विभाग अन्तर्गतका कार्यालयमा पेश गर्न सक्नुहुनेछ ।

करदाताहरुले भरेको विवरण सहि छ वा छैन र पर्याप्त छ वा छैन भनेर सुनिस्चित गर्ने र करदाताको माग अनुरुप करदाताको दर्ता प्रक्रिया थाल्ने दायित्व **कर अधिकृतको** हुनेछ ।


**PROCEDURE (कार्यविधि ):**

## 1.0 व्यवसायको लागि मूल्य अभिवृद्धि कर सहित स्था. ले. न. नयाँ दर्ता प्रकियाको लागि निबेदन (Application for registration for PAN with VAT)

**1.1** स्था. ले. नं. दर्ताको लागि निवेदन दिन व्यक्ति वा संस्थाले अन्तरिक राजस्व विभागको वेब साइट(Website) **www.ird.gov.np** प्रयोग गर्नु पर्दछ | त्यसपछि **Taxpayer Portal** छान्नु पर्दछ |

**1.2 Taxpayer Portal** लिंक(Link) मा क्लिक(Click) गर्ने|क्लिक(Click) गरेपछि **'Tax Payer Portal'** मेनु(Menu) देखा पर्दछ|


1.3 '+' संकेत क्लिक(Click) गरेर **Registration for (PAN, VAT, EXCISE)**लिंक(Link) खोल्नु होस्|**Application for Registration'**मा क्लिक(Click) गर्नुहोस | त्यसपछि तलको स्क्रीन(Screen) देखा पर्दछ|




मुल्य अभिबृद्धी कर सहितको नयाँ स्था. ले. न. दर्ताका लागि निवेदन दिन सब्मिसन(Submission) नं लिन जरुरी हुन्छ । सब्मिसन(Submission) नं लिन माथि स्क्रीनमा देखिएको फाराम भर्नु पर्दछ । तलको विवरणहरु माथि देखाईएको स्क्रीन(Screen) मा भर्नुहोस् ।

1. **Username** - Username (प्रयोगकर्ताको नाम) संवेदनशील (case sensitive) हुन्छ । यदि निवेदनमा विवरणहरु आंसिक रुपमा भरिएको छ र पछि निवेदन फेरी खोल्न परेको अवस्थामा, प्रयोगकर्ताको नाम (Username) अनिवार्य हुन्छ। त्यसैले सब्मिसन (Submission) फाराम भर्दा प्रयोग गरेको प्रयोगकर्ताको नाम (Username) सुरक्षित रुपमा लेखेर राख्नु पर्दछ ।
2. **Password** - पासवर्ड (Password) संवेदनशील (case sensitive) हुने भएकाले ध्यानपूर्वक प्रविष्ट गर्नु पर्दछ । पहिले सुरक्षित गरेको निवेदन भविष्यमा खोल्नको लागि पासवर्ड (Password) चाहिन्छ। त्यसैले सब्मिसन (Submission) नं. लिंदा प्रयोग गरेको पासवर्ड (Password) सम्झनु पर्दछ ।
3. **Re-Password** -पहिला प्रयोग गरेको पासवर्ड(Password) ठिक छ वा छैन भनेर सुनिश्चित गर्नको लागि पासवर्ड पुन:टाइप गर्नु पर्दछ ।
4. **Contact No.** - सम्पर्क मोबाइल नं. टाइप गर्नुहोस ।
5. **Email ID** - आफूले सधैं प्रयोग गर्ने इमेल टाइप गर्नुहोस् ।

6. दर्ताको लागि - व्यावसायिक स्थायी लेखा नम्बर दर्ताका लागि **Income Tax र VAT दुवै** छान्नुहोस्।
7. निवेदन दर्ता गर्ने कार्यालय छान्नुहोस् । *(निवेदकले आन्तरिक राजस्व कार्यालय (IRO) वा करदाता सेवा कार्यालय (TSO) कुनै एकमा निवेदन दर्ता गर्न सक्नेछन्।)*
8. कुन कार्यालयमा निवेदन दर्ता गर्ने हो त्यो सूचीबाट छान्नुहोस् ।
9. त्यसपछि पुछारमा दाहिने कुनामा रहेको **'OK'** बटन(Button) क्लिक (Click) गर्नुहोस । त्यसपछि तलको स्क्रीन(Screen) देखा पर्दछ ।




सब्मिसन(Submission) नं. , प्रयोगकर्ताको नाम (Username), पासवर्ड(Password) सुरक्षित राख्नुहोस | फारम प्रिन्ट गर्नको लागि र कर अधिकृतद्वारा फारम प्रमाणीकरण गर्नको लागि सब्मिसन(Submission)नं. को आवश्यकता पर्दछ|

तलको विवरणहरु फारममा भर्नुहोस् ।

1. सूचीबाट व्यवसायको प्रकार (Business Type) छान्नुहोस्|
2. सूचीबाट व्यवसायको उप-प्रकार (Business SubType) छान्नुहोस्| यदि ब्यवसायको प्रकार **'Business '** छानिएको छ भने व्यवसायको उप-प्रकारको सूचीमा **'Private Limited'** ,**'Public Limited'**, आदि देखा पर्दछन ।

3. "Do you already have PAN?" लेखिएको स्थानमा करदाताले कम्पनी रजिष्ट्रारको कार्यालयबाट पहिलानै स्था. ले. नं. सुरक्षित गरेको खण्डमा निजले **'Yes'** क्लिक(Click) गर्नुपर्नेछ अन्यथा **'NO'** क्लिक(Click) गर्न सक्नुहुनेछ ।

4. यदि **'Yes'** छानिएको छ भने तलको स्क्रीन(Screen) देखा पर्दछ ।




a) यदि फिल्ड अधिकृतले स्था.लेखा.नं जारी गरेको छ भने **'Manual'** छान्नुहोस् । यदि कम्पनि रजिस्ट्रारको कार्यालयले स्था.लेखा.नं जारी गरेको छ भने **'OCR'** छान्नुहोस् र यदि स्था.ले.नं मूल्य अभिवृद्धि कर दर्ता हुँदाको बखत प्राप्त भएको छ भने, **'Allocated'** छान्नुहोस् ।


b) स्था.ले.नं भर्नुहोस् । त्यसपछि आउने स्क्रिनमा कम्पनी दर्ता मिति र कम्पनी दर्ता नं भर्नुहोस । कम्पनी दर्ता मिति कम्पनी रजिस्ट्रारको कार्यालयमा दर्ता भएको मिति राख्नुपर्दछ ।




5. विवरणहरु भर्नको लागि **'Continue'** बटन(Button) क्लिक(Click) गर्नुहोस|

व्यवसायिक विवरणहरु भर्नुहोस्|:

6. यदि पहिलाको स्क्रीन(screen)मा व्यवसायको प्रकारमा **'Business'** छानिएको थियो भने तलको स्क्रीन(Screen) देखा पर्दछ|


Business Registration

Submission Number:-770021910760

फर्मको विवरण (Firm's Description)

नाम नेपालीमा (Name in Nepali)*:

नाम अंग्रेजीमा (Name in English) *:

व्यवसायको दर्ता विवरण (Business Registration Details)

दर्ता मिति (Date of Registration)*: YYYY.MM.DD

दर्ता नम्बर (Registration No.)*:

दर्ता गर्ने निकाय (Registration Agency)*:

कारोबार सुरु हुने मिति (Date of Transaction)*: yyyy.mm.dd

के यो नयां कारोबार हो वा हक हस्तारन्तरण हो ?(Is it new business or ownership transfer?) नयां (New) हक हस्तारन्तरण (Ownership Transfer)

इजाजत दिने निकाय (Licensing Agency)

इजाजत दिने निकाय (Licensing Agency): ---SELECT---

इजाजत जारी मिति (License Issue Date): YYYY.MM.DD

प्रमाणपत्र न. (License No.):

Add

Licensing Agencies

| Licensing Agency | License No | License Date |
|---|---|---|

के यो तपाईको मुख्य ब्यबसाय हो *:

मुख्य कार्यालयको ठेगाना | कारोबारको मुख्य स्थान | व्यवसायिक विवरण | व्यवसायिक व्यक्तिगत विवरण | शाखाको विवरण | गोदामको विवरण

फर्मको ठेगाना

जिल्ला *: -- Choose -- क्षेत्र *:

टोल *: घर नम्बर *:

वडा नम्बर *: म. उप-म न.पा. गा.पा.

| सम्पर्क साधन | विवरण |
|---|---|
| टेलिफोन नं (Telephone) | |
| मोबाइल नं (Mobile) | |
| फ्याक्स (Fax) | |
| पो. ब. नं (PO Box No.) | |
| इमेल (Email) | |
| वेभसाइट (Website) | |

(नोट: सम्पर्क साधन विवरण राख्नको निमित्त देब्रे पट्टीको Grid को row मा Double क्लिक गर्नुहोस् । )

If Rent or Hire / यदि वहालमा भए:

पत्राचार गर्ने ठेगाना

जिल्ला *: -- Choose -- क्षेत्र *:

टोल *: घर नम्बर *:

वडा नम्बर *: म. उप-म न.पा. गा.पा.

| सम्पर्क साधन | विवरण |
|---|---|
| टेलिफोन नं (Telephone) | |
| मोबाइल नं (Mobile) | |
| फ्याक्स (Fax) | |
| पो. ब. नं (PO Box No.) | |
| इमेल (Email) | |
| वेभसाइट (Website) | |

(नोट: सम्पर्क साधन विवरण राख्नको निमित्त देब्रे पट्टीको Grid को row मा Double क्लिक गर्नुहोस् । )

संचालकको विवरण ( Director's Information)

प्यान नं. (PAN):

| | पहिलो (First): | बिचको ( Middle): | थर (Last): |
|---|---|---|---|
| नेपालीमा (In Nepali): | | | |
| अंग्रेजीमा (In English): | | | |

Add संचालक

बायोमेट्रिक प्रयोजनको लागि( For Biometric Use)

पद (Post): --- छान्नुहोस् ---

स्थायी लेखा न. (PAN):

नाम (Name):

Add Business

Business List

| फर्मको नाम (नेपालीमा) | फर्मको नाम(अंग्रेजीमा) | दर्ता मिति | दर्ता नम्बर | कार्यालय र स्थान | कारोबार सुरु मिति वा सुरु हुने मिति | मुख्य ब्यबसाय |
|---|---|---|---|---|---|---|

आयकर प्रयोजनको लागि दर्ता लागु हुने मिति (Effective date of Registration for Income Tax): YYYY.MM.DD

**माथि उल्लेख भएको कुनै विवरणहरुमा परिवर्तन भएमा परिवर्तन भएको मितिले १५ दिन भित्र सम्बन्धित आन्तरिक राजस्व कार्यालय तथा करदाता सेवा कार्यालयमा जानकारी गराई अधवाधिक गर्नेछु |**

**स्वघोषणा : यहा पेश गरेको विवरण मैले जाने बुझेसम्म ठिक साचो ho, झुठा ठहरे साहुला बुझाउला |**

Declaration:All the information provided in the forms are true and valid.

Back Print Save Submit Cancel

7. फर्मको नाम (Trade Name) नेपालीमा भर्नुहोस् ।
8. फर्मको नाम (Trade Name) अंग्रेजीमा भर्नुहोस् ।
9. दर्ता विवरणहरु जस्तै दर्ता मिति,दर्ता नम्बर,दर्ता गरेको कार्यालय र स्थान,कारोबार सुरु मिति वा सुरु हुने मिति भर्नुहोस् ।
10. नयाँ व्यवसायको हकमा "नयाँ (New)" र हक हस्तान्तरण भएको हकमा "हक हस्तान्तरण" मा क्लिक गर्नुपर्दछ ।
11. मुख्य कार्यालयको ठेगाना र कारोबारको मुख्य स्थान भर्नुहोस्|
12. पत्राचार गर्ने ठेगाना भर्नुहोस्|
13. निकायको हकमा संचालकको विवरण भर्नुहोस्|
14. बैंक खाताको विवरण भर्नुहोस्|
15. निकायको हकमा अधिकारप्राप्त व्यक्ति वा संचालकको बायोमेट्रिक प्रयोजनको लागि पद, स्थायी लेखा नम्बर र नाम भर्नुहोस्|
16. आयकर प्रयोजनको लागि दर्ता लागु हुने मिति भर्नुहोस्|
17. व्यवसायको इजाजतपत्र एजेन्सी भर्नुहोस्।
    a. व्यवसायको इजाजतपत्र एजेन्सीको सूचीबाट छान्नुहोस्।
    b. इजाजत पत्र जारी मिति प्रविष्ट गर्नुहोस् ।
    c. इजाजतपत्र नम्बर प्रविष्ट गर्नुहोस्।
18. एक भन्दा बढी इजाजतपत्र एजेन्सी थप्नुपरेमा "थप्नुहोस्" बटन क्लिक गर्नुहोस् ।

<u>व्यावसायिक विवरण</u>

19. व्यवसायको प्रकारका लागि देहायका विकल्पहरू छन्।
    a. उद्योगको फर्म प्रकार(Firm type of Industry )
        i. माइक्रो
        ii. कटेज
        iii. सानो
        iv. मध्यम

v. ठूलो

b. उद्योगको किसिम

i. निर्माण

ii. खनिज आधारित

iii. कृषि र वन आधारित

iv. पर्यटन

v. ऊर्जा आधारित

vi. आईसीटी(ICT)

vii. सेवा

viii. निर्माण

c. वाणिज्य को मामला मा फर्महरु प्रकार

i. निर्यात / आयात

ii. स्थानीय ट्रेडिंग


iii. निर्यात मात्र

iv. आयात मात्र

v. सबै


20. व्यवसायको वर्गीकरणको लागि नेपालस्तरीय औद्योगिक वर्गीकरण (NSIC) अनुसार व्यापार क्षेत्र (Business Sector), व्यापार प्रभाग (Business Division), व्यापार समूह (Business Group), र व्यापार वर्ग (Business Class) छान्नुहोस् र **'Add'** बटन(Button) क्लिक(Click) गर्नुहोस| निवेदकले एक वा सो भन्दा बढी ब्यवसायको प्रकार र ब्यवसायको उप-प्रकार छान्न सक्नुहुनेछ| उक्त भरेका विवरणहरु प्रमाणपत्र मा देखिने हुनाले निवेदकले सावधानी पूर्बक ब्यवसायको प्रकार र ब्यवसायको उप-प्रकार छान्नुपर्ने हुन्छ ।

विभागको वेबसाईटमा राखिएको नेपालस्तरीय औद्योगिक वर्गीकरण (NSIC) बाट NSIC कोड हेर्न सकिन्छ । NSIC कोडको आधारमा वर्गीकरण सम्बन्धी विवरण खोजी गर्न सकिन्छ ।




## <u>शाखाको विवरण</u>

21. व्यवसायको शाखाहरु सम्बन्धी विवरण भर्नको लागि शाखाको विवरण Tab मा क्लिक गर्नुहोस |




22. शाखा रहेको घरधनीको विवरणहरु भर्नको लागि घरधनीको विवरण TAB क्लिक(Click) गर्नुहोस|

   a. स्था.लो.नं. (यदि भएमा)
   b. घरधनीको पुरा नाम नेपालीमा कोठाको क्षेत्रफल(लम्बाई ,चौडाई फिटमा)
   c. भाडा सम्झौता मिति (वि.सं.)
   d. कोठाको तथा जग्गाको क्षेत्रफल:(स्क्वायर फिटमा)
   e. घरधनीको ठेगाना

**<u>व्यावसायिक व्यक्तिगत (प्रबन्ध निर्देशक/ प्रमुख कार्यकारी अधिकृत) विवरण</u>**

23. व्यवसायिक व्यक्तिगत विवरण(प्रबन्ध निर्देशक/ प्रमुख कार्यकारी अधिकृतको विवरण) भर्नको लागि व्यवसायिक व्यक्तिगत विवरण TAB क्लिक(Click) गर्नुहोस |

   a) प्रबन्ध निर्देशक/ प्रमुख कार्यकारी अधिकृतको नाम पहिलो, दोश्रो र थर नेपालीमा भर्नुहोस् |
   b) प्रबन्ध निर्देशक/ प्रमुख कार्यकारी अधिकृतको नाम पहिलो, दोश्रो र थर अंग्रेजीमा भर्नुहोस् |
   c) नियुक्ति मिति बि. सम्बत मा भर्नुहोस् |
   d) कागजातको प्रकार छान्नुहोस् (नागरिकता, राहदानी)|
   e) कागजात/परिचय पत्र नं लेख्नुहोस्|

f) कागजात/परिचय पत्र जारी गर्ने कार्यालयको नाम|


g) कागजात/परिचय पत्र जारी गर्ने कार्यालयको स्थान भर्नुहोस्|

h) कागजात/परिचय पत्र जारी गरेको मिति भर्नुहोस् ।

i) कागजात/परिचय पत्र अपलोड(Upload) गर्नको लागि **'Browse'** बटन(Button) क्लिक(Click) गर्नुहोस र पहिला स्क्यान गरेको कागजात सेव गरेको ठाउँ पत्ता लगाई उक्त फाइललाई डबल क्लिक(Click) गर्नुहोस । अपलोड गरिने कागजात/परिचय पत्रको साईज अधिकतम 500 KB हुनुपर्नेछ ।


j) व्यवसायिक व्यक्तिको ठेगाना भर्नुहोस् ।

k) करको प्रयोजनको लागि सम्पर्क व्यक्तिको विवरणहरु भर्नुहोस्| यदि सम्पर्क व्यक्ति प्रबन्ध निर्देशक/प्रमुख कार्यकारी अधिकृत भन्दा भिन्न रहेको अवस्थामा उक्त व्यक्तिको विवरण



व्यवसायिक व्यक्तिको विवरण भरे अनुरुप भर्नुहोस् ।

## संचालकको विवरण




संचालकको विवरण स्थायी लेखा नम्बरबाट स्वत: आउने हुँदा प्रत्येक संचालकको अनिवार्य रुपमा स्थायी लेखा नम्बर प्रविष्टि गर्नुपर्दछ । सबै संचालकको विवरण भर्न “Add संचालक” Button क्लिक गरी भर्नुहोस्|

## 24. गोदामको विवरण

शाखा वाहेक गोदाम भएमा “गोदामको विवरण” भर्नुहोस । ‘गोदाम’ ट्याब क्लिक गरेर गोदामको विवरण प्रविष्ट गर्नुहोस् ।




a. गोदाम नम्बर भर्नुहोस् ।

b. गोदाम नाम नेपालीमा भर्नुहोस् ।

c. गोदाम नाम अंग्रेजीमा भर्नुहोस् ।

d. सूचीबाट गेदामको ठेगाना छान्नुहोस्|

e. ठेगाना मा.न.पा.,उप.म.न.पा, न.पा., गा.वि.स. मद्धे कुन हो त्यो छान्नुहोस् |

f. स्थानको नाम(टोल) नेपालीमा उल्लेख गर्नुहोस |


g. गोदाम रहेको घर नम्बर, घर धनीको नाम, गोदामको क्षेत्रफल आदि विवरण उल्लेख गर्नुहोस ।

h. म.न.पा., उप.म.न.पा , न.पा., गा. पा. को नाम नेपालीमा उल्लेख गर्नुहोस |

एक भन्दा बढी गोदाम भए विवरण थप्नका लागि 'गोदाम थप्नुहोस्' बटन क्लिक गर्नुहोस् र माथिकै प्रक्रिया दोहोर्‍याउनुहोस ।

25. **'SAVE'** बटन(Button) क्लिक(Click) गरेर विवरणहरु सेव गर्नुहोस ।

26. मूल्य अभिवृद्धि कर(VAT) संग सम्बन्धित विवरणहरु भर्नको लागि **'Next'** बटन(Button) क्लिक(Click) गर्नुहोस|त्यसपछि तलको स्क्रीन(Screen) देखा पर्दछ ।



VAT Registration

Submission Number:-770021910100

के तपाई स्वइच्छाले दर्ता गर्न चाहनु भएको ? ○ हो ◉ होइन

दर्ता लागु हुने मिति : yyyy.mm.dd

आयकर दर्ता नं. | मु.अ.क. करदाता दर्ता नं. | निवेदन मिति (yyyy.mm.dd)

व्यवसायिक विवरण (उपयुक्त अनुमान दिनुहोस्)

| Type | Yearly Business | Upcoming Quarterly Business |
|---|---|---|
| कुल कर लाग्ने कारोवार (निकासी समेत) | 0 | 0 |
| कुल आय कर नलाग्ने कारोवार (निकासी समेत) | 0 | 0 |
| कुल मु.अ.क. नलाग्ने कारोवार (निकासी समेत) | 0 | 0 |
| कुल प्राप्त रकम | 0 | 0 |
| कुल निर्धारणयोग्य आय | 0 | 0 |
| कुल करयोग्य आय | 0 | 0 |
| कुल निकासी | 0 | 0 |

* तपाईले आफ्नो डाटा भर्न सकेपछि तल राखीएको 'Filing Period' छानी कर अवधिको वारेमा जानकारी प्राप्त गर्नुहोला ।

Filing Period: मासिक

मु.अ.क. सम्पर्क व्यक्ति ( यदि आयकरमा उल्लेख गरिएको व्यक्ति बाहेक भए मात्र उल्लेख गर्नुहोस् ।)

नाम | पहिलो | दोस्रो | थर

नेपालीमा:

अंग्रेजीमा:

नियुक्ति मिति: yyyy.mm.dd | कागजको प्रकार: — Choose — | परिचय पत्र नं | जरि गर्ने कार्यालय

जरिगारने कार्यालयको स्थान | जारीगरेको मिति: yyyy.mm.dd | पद

Browse...

मु.अ.क. सम्पर्क व्यक्तिको ठेगाना

जिल्ला: — Choose — ◉ म. ○ उप-म ○ न.पा. ○ गा.पा.

टोल: | घर नम्बर:

वडा नम्बर:

| सम्पर्क साधन | बिवरण |
|---|---|
| टेलिफोन नं (Telephone) | |
| मोबाइल नं (Mobile) | |
| फ्याक्स (Fax) | |
| पो. व. नं (PO Box No.) | |
| इमेल (Email) | |
| वेभसाइट (Website) | |

(नोट: सम्पर्क साधन विवरण राख्नको निमित्त देब्रे पट्टीको Grid को row मा Double क्लिक गर्नुहोस् । )

Back | Print | Save | Submit | Cancel

27. तल देहाय अनुसार मूल्य अभिवृद्धि कर(VAT) सम्बन्धित विवरणहरु भर्नुहोस् ।

a. निवेदकले स्व-इच्छा ले मूल्य अभिवृद्धि करमा दर्ता हुन चाहेको हो वा होइन भनेर छान्नुहोस्| वस्तुको हकमा वार्षिक पचास लाख, सेवाको हकमा र मिश्रित कारोबारको हकमा वार्षिक बीस लाख कारोबार भएका करदाताहरुले अनिवार्य

रुपमा मू. अ. करमा दर्ता हुनुपर्दछ । साथै ऐनको दफा १० ले अनिवार्य रुपमा दर्ता हुनुपर्ने वस्तु तथा सेवाको हकमा समेत अनिवार्य दर्ता हुनुपर्दछ ।

b. मू. अ. करमा दर्ता लागू हुने मिति भर्नुहोस् ।

c. गत आर्थिक बर्षको, कुल कर लाग्ने कारोबार (निकासी समेत) र कुल अनुमानित कर लाग्ने कारोबार (निकासी समेत तीन महिना सम्मको ) भर्नुहोस् ।

d. गत आर्थिक बर्षको कुल अनुमानित कर नलाग्ने कारोबार (निकासी समेत) र कुल अनुमानित कर नलाग्ने कारोबार (निकासी समेत तीन महिना सम्मको ) भर्नुहोस् ।

e. गत आर्थिक बर्षको कुल मूल्य अभिवृद्धि कर नलाग्ने कारोबार (निकासी समेत) र गत आर्थिक बर्षको कुल मूल्य अभिवृद्धि कर नलाग्ने कारोबार (निकासी समेत तीन महिना सम्म) भर्नुहोस्|

f. गत आर्थिक बर्षको कुल कारोबार भर्नुहोस् र अनुमानित कुल कारोबार(तीन महिना सम्मको) भर्नुहोस्|

g. गत आर्थिक बर्षको कुल निर्धारण योग्य आय र कुल अनुमानित निर्धारण योग्य आय(तीन महिना सम्मको) भर्नुहोस् ।

h. गत आर्थिक बर्षको कुल निकासी भर्नुहोस् र कुल अनुमानित निकासी (तीन महिना सम्मको) भर्नुहोस् ।

i. **'Check Filling Period'** बटन(Button) क्लिक(Click) गरी प्रणालीले उत्पन्न गरेको कर अवधिको बारेमा जानकारी लिनुहोस् ।

j. मूल्य अभिवृद्धि करको सम्पर्क व्यक्तिको विवरण भर्नुहोस् (ठेगाना सहित,यदि आयकरको लागि भरिएको सम्पर्क व्यक्तिको विवरण भन्दा भिन्न रहेमा) ।

k. बायोम्याट्रिक विवरण अद्यावधिक नभएको भएमा बायोमेट्रिक प्रयोजनको लागि प्रोप्राइटर वा संचालक वा अधिकारप्राप्त व्यक्तिको विवरण (पद, स्थायी लेखा नम्बर र नाम) भर्नुहोस्|

l. विवरण सेव(Save) गर्न **'Save'** बटन(Button) क्लिक(Click) गर्नुहोस । सेव (Save)गरिएको विवरण भविष्यमा परिवर्तन गर्न सकिनेछ|

m. विवरण **Submit** गर्न **'Submit'** बटन(Button) क्लिक(Click) गर्नुहोस । सब्मीट गरिएको विवरण भविष्यमा परिवर्तन गर्न सकिनेछैन ।

n. दर्ता फारम प्रिन्ट गर्न **'Print'** बटन(Button) क्लिक(Click) गर्नुहोस। प्रिन्ट भएको निवेदनमा हस्ताक्षर गर्नुहोस र सम्बन्धित to IRO/TSO अधिकृतलाई प्रमाणित गर्नको लागि बुझाउनुहोस्।

## अलर्ट सेवा

करदाता/अधिकार प्राप्त व्यक्तिले पेश गरेको मोबाईल नं. र ईमेल ठेगाना रुजु गर्नको लागि अलर्ट सेवाबाट One Time Password (OTP) पठाइन्छ । यसको लागि देहायको विवरण भर्नुहोस ।

1. मोबाईल न. र ईमेल ठेगाना रुजु गर्न ठेगानाको प्रकार छान्नुहोस ।
2. रुजु गर्ने विधि मोबाईल वा ईमेल छान्नुहोस ।
3. मोबाईल वा ईमेलमा प्राप्त OTP प्रविष्ट गरी **"OK"** बटन क्लिक गर्नुहोस् ।

## निवेदन को प्रमाणीकरण(Verification of Application)

- करदाताले दाखिला गरेको सबै निवेदनहरु IRO/TSO/LTO अधिकृतको **'Submitted List '** मा देखा पर्दछ।
- करदाताको बायोम्याट्रिक विवरण अद्यावधिक नभएको भएमा कर अधिकृतले करदाताको बायोम्याट्रिक विवरण समेत प्रविष्ट गरी निवेदन रुजु गर्नुपर्नेछ ।

## पुनरावलोकन पृष्टभूमि (Revision History: )

| पुनरावलोकन | मिति (दिन/महिना/वर्ष) | परिवर्तनको विवरण | अनुरोध कर्ता |
|---|---|---|---|
| | | | |